# बेथानचोक गाउँपालिका
## Bethanchok Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
दुंखर्क, काभ्रेपलाञ्चोक

Dhungkharka, Kavrepalanchok

बागमती प्रदेश,नेपाल

Bagmati Province, Nepal


च. नं.(Ref No): ९६२

प. सं.(Letter No): ०८१/८२

मितिः(Date): २०८१।०५।२८

## सडक मापदण्ड पालना गरी नक्सा पास गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम गाउँपालिकाभित्र कसैलेपनि नक्सापास नगराई भवन निर्माण गर्न नपाइने व्यवस्था भएको तथा नक्सा सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन राष्ट्रिय रुपमा अवलम्बन गरिएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ लाई यस गाउँपालिकामा समेत पालना गरिएको छ । साथै यस बेथानचोक गाउँपालिकाको सडक गुरुयोजना, २०७६ (संशोधित मापदण्ड, २०८१) तयार भई लागू भएको र उक्त गुरुयोजनामा समेत यस गाउँपालिकाभित्र कुनैपनि घर/भवनहरु निर्माण गर्दा तपशिल बमोजिमको मापदण्डलाई पालना गर्नुपर्ने भनी उल्लेख गरिएको हुँदा यस बेथानचोक गाउँकार्यपालिकाको मिति २०८१।०५।२८ को बैठकको निर्णयानुसार यस कार्यालयबाट नक्सा पास गरेर मात्र घर/भवन निर्माण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि यस सूचनालाई वेवास्ता गरी घर/भवन निर्माण गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**तपशिलः**

| क्र.स. | बेथानचोक गाउँपालिका स्तरीय सडकको विवरण | सडकको क्षेत्राधिकार | सेट ब्याक |
|---|---|---|---|
| १. | 'क' वर्गको सडक | १५ मिटर | सडकको दायाँबायाँ दुवैतर्फ ३/३ मिटर |
| २. | 'ख' वर्गको सडक | १० मिटर | सडकको दायाँबायाँ दुवैतर्फ २.५/२.५ मिटर |
| ३. | 'ग' वर्गको सडक | ८ मिटर | सडकको दायाँबायाँ दुवैतर्फ २/२ मिटर |
| ४. | 'घ' वर्गको सडक | ६ मिटर | सडकको दायाँबायाँ दुवैतर्फ १.५/१.५ मिटर |

***नोटः केन्द्रिय/प्रादेशिक/जिल्लास्तरीय सडकको हकमा नेपाल सरकारको प्रचलित कानूनले तोके बमोजिम हुनेछ । थप जानकारीको लागि वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन ।***

...........................

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत



CamScanner